# सायल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

दुदिलेगडा,डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल

पत्र संख्याः २०७६/ ०७७
च.नं.

## कर्मचारी आवश्यकता सम्बन्धि सूचना

प्रकाशित मितिः २०७६/ ०९/ १८

नेपाल सरकार, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट सञ्चालन हुने गरिब घरपरिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रम अन्तर्गत यस सायल गाउँपालिकाका लागि तपसिल बमोजिमका कर्मचारीहरु सेवा करार मार्फत पदपूर्ति गर्नुपर्ने भएकोले तोकिएको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट आवश्यक कागजातहरु सहित यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र यस गाउँ कार्यपालिकाको कार्यालयमा दरखास्त पेश गर्नहुन सूचित गरिन्छ ।

**तपसिल**

| विज्ञापन नं. | पद | आवश्यक पद संख्या | न्यूनतम शैक्षिक योग्यता | आवेदन दस्तुर | परीक्षको किसिम |
|---|---|---|---|---|---|
| ३।०७६।७७ | सुपरीबेक्षक | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट तथ्यांकशास्त्र वा जनसंख्या वा अर्थशास्त्र वा गणित बिषयमा कम्तिमा स्नातक वा सो सरह उतिर्ण र कम्प्यूटर सम्बन्धि आधारभूत ज्ञान भएको । | रु.१,००० | लिखित, प्रयोगात्मक र अन्तर्वार्ता |
| ४।०७६।७७ | गणक | ४ | मान्यता प्राप्त शिक्षण संस्थाबाट तथ्यांकशास्त्र वा जनसंख्या वा अर्थशास्त्र वा गणित बिषयमा कम्तिमा प्रविणता प्रमाणपत्र वा सो सरह उतिर्ण र कम्प्यूटर सम्बन्धि आधारभूत ज्ञान भएको । | रु.६०० | लिखित, प्रयोगात्मक र अन्तर्वार्ता |

**दरखास्त दिने स्थानः** सायल गाउँ कार्यपालिकाको कार्यालय,डोटी ।
**दरखास्त दिने अन्तिम मिति :** २०७६ माघ ३ गते कार्यालय समय भित्र ।
**पेश गर्नुपर्न कागजातहरुः**

- ✓ नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ।
- ✓ शैक्षिक योग्यताको प्रमाणपत्रहरुको प्रतिलिपी ।
- ✓ निवेदन सहित तोकिएको ढाँचाको आवेदन फाराम । (www.sayalmun.gov.np बाट Download गर्न सकिनेछ ।)
- ✓ नेपाल बाहिर अध्ययन गरेको भए समकक्षताको प्रमाणपत्र ।
- ✓ आवेदन दस्तुर सायल गाउँकार्यपालिकाको कार्यालयको नबिल बैंक लिमिटेड सायल डोटीमा रहेको संचित कोष खाता नं. ७८०१०१७५०००३४ मा जम्मा गरेको सक्कल बैंक भौचर वा नगद आम्दानी रसिद

उमेरको हदः १८ बर्ष पुगी ४० बर्ष ननाघेको
सम्पर्क मितिः २०७६ माघ ५ गते बिहान १०:०० बजे । (सक्कलै प्रमाणपत्र लिइ उपस्थित हुनुपर्नेछ )
सेवा अवधि र शर्तः कार्यवधि बढीमा ५ महिनाको रहनेछ र निजहरुले उक्त अवधिमा गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण निर्देशिका, २०७५ मा उल्लेख भए बमोजिमको कार्य अनिवार्य रुपमा सम्पन्न गर्नुपर्नेछ ।
सेवा सुविधा : मन्त्रालयले तोके बमोजिम ।
पुनश्च : स्थानिय तहका स्थायी बासिन्दा उम्मेदवारलाई प्राथमिकता दिइनेछ ।

.......
भरत बहादुर नेपाली
प्रमुख प्रशासकिय अधिकृत